**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १५ गते आइतबार ❑ 29 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

# ओली र लेखक पक्राउ

**रासस**
काठमाडौं, १४ चैत

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली उहाँको निवासबाटै पक्राउ पर्नुभएको छ।

सूर्यविनायक नगरपालिका-७ गुण्डुस्थित भाडाको घरमा बस्दै आउनुभएका ओलीलाई शनिबार बिहानै प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिनुभयो । जेनजी आन्दोनलको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा उहाँलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोली शनिबार बिहान ५:०० बजे गुण्डु पुगेका थियो । ओलीलाई पक्राउ गरी काठमाडौं लगिएको उहाँले जानकारी दिनुभयो । ओलीको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ । त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पताल महाराजगञ्जमा भर्ना गरी उपचाररत रहनुभएका उहाँको स्वास्थ्य अवस्था सामान्य नै रहेको अस्पतालका प्रवक्ता डा गोपाल सेढाईंले जानकारी दिनुभयो । "उहाँको आज स्वास्थ्य परीक्षण





गरियो । परीक्षण गरिएका कुरा सामान्य नै रहेको पाइयो। बिहान भर्ना हुँदा मुटुको धड्कन बढे पनि हाल ठीक भएको छ । मिर्गौला पनि ठीक रहेको छ", उहाँले भन्नुभयो । अस्पतालका प्रवक्ता डा सेढाईंले अध्यक्ष ओलीको पित्तथैलीमा पत्थरी देखिएकाले शनिबार अस्पतालमा नै राखेर उपचार गरिने बताउनुभयो ।

अध्यक्ष ओलीलाई शनिबार प्रहरीले पक्राउ गरेर उपचारका लागि शिक्षण अस्पतालमा भर्ना गरिएको हो । उहाँलाई गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

यसैगरी पूर्वगृहमन्त्री तथा नेपाली कांग्रेसका नेता रमेश लेखकलाई प्रहरीले शनिबार बिहान निवासबाटै पक्राउ गरेको छ । जेनजी आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा उहाँलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। सूर्यविनायक नगरपालिका-५ कटुञ्जेस्थित भाडाको घरमा बस्दै आउनुभएका लेखकलाई शनिबार बिहानै प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिनुभयो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उहाँलाई पक्राउ गरी काठमाडौं लगेको छ। लेखकलाई नेपाल प्रहरीले पक्राउ गरी २ नं गण महाराजगञ्जमा राखेको छ । उहाँलाई शनिबार बिहान भक्तपुरको कटुञ्जेस्थित उहाँकै निवासबाट पक्राउ गरिएको थियो। उहाँलाई २ नं गण महाराजगञ्जमा राखिएको पारिवारिक स्रोतले जनाएको छ । जेनजी आन्दोनलको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की संयोजकत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा उहाँलाई पक्राउ गरिएको प्रहरीको भनाइ छ । जेनजी आन्दोलनका क्रममा निजी निवास आगजनीबाट क्षतिग्रस्त भएपछि उहाँ सूर्यविनायक नगरपालिका-५ कटुञ्जेस्थित भाडाको घरमा बस्दै आउनुभएको थियो ।

# पार्टी अध्यक्ष ओली र कांग्रेस नेता लेखकलाई रिहाई गर्न एमालेको माग

**रासस**
काठमाडौं, १४ चैत

नेकपा (एमाले)ले पार्टी एवं पूर्वप्रधानमन्त्री अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखकलाई तत्काल रिहाई गर्न माग गरेको छ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा शनिबार बिहान उपाध्यक्ष रामबहादुर थापाको अध्यक्षतामा बसेको बैठकले पार्टी दुवै नेतालाई तत्काल रिहाई गर्न माग गर्ने निर्णय गरेको महासचिव शङ्कर पोखरेलले जानकारी दिनुभयो।

बैठकले उहाँहरुलाई पक्राउ गरिएको घटनाको निन्दा गर्दै पक्राउ लोकतन्त्र र कानूनी शासनको विपरीत भएको दाबी गरेको छ । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजत्वको आयोगले दिएको सिफारिसको आधारमा शनिबार बिहान एमाले अध्यक्ष ओली र पूर्वगृहमन्त्री लेखकलाई पक्राउ गरेको थियो । साथै बैठकले जेनजी आन्दोलनको निष्पक्ष र न्यायिक छानबिनका लागि सर्वोच्च अदालतका न्यायाधीशको संयोजत्वकमा उच्चस्तरीय छानविन आयोग गठन गर्न पनि माग गरेको छ।

# सरकारले नतिजामा आधारित शासकीय प्रबन्ध लागू गरिने

**रासस**
काठमाडौं, १४ चैत

सरकारले समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने ढाँचामा रूपान्तरण गर्न नतिजामा आधारित शासकीय प्रबन्ध लागू गर्ने घोषणा गरेको छ।

शुक्रबारको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत शासकीय सुधारसम्बधी एक सय कार्यसूची सार्वजनिक गर्दै निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्र, वाचापत्र र प्रतिबद्धतापत्रमा समावेश कार्यान्वयनयोग्य विषय संश्लेषण गरी 'राष्ट्रिय प्रतिबद्धता' तयार गरिने पनि जनाइएको छ। नतिजामा आधारित शासकीय प्रबन्ध कार्यान्वनका लागि प्रत्येक मन्त्रालयले सात दिनभित्र प्रमुख १० कार्य, तिनको समयसीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरिने छ । ती कार्यहरूको मासिक प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने तथा सोको नियमित अनुगमन, मूल्याङ्कन र सार्वजनिक रिपोर्टिङ सुनिश्चित गरिने उल्लेख गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची स्वीकृत गर्ने निर्णय गरेको थियो । उक्त सूची शनिबार प्रधानमन्त्री शाहको सचिवालयले सार्वजनिक गरेको हो । राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायत विषयमा संविधान संशोधनसम्बन्धी विषयमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री कार्यालयले सात दिनभित्र 'संविधान संशोधन बहस पत्र' तयार गर्न कार्यदल गठन गरिने उक्त सूचीमा उल्लेख छ।

# ओली र लेखकको पक्राउ प्रतिशोध होइन, न्यायको सुरुआत हो: गृहमन्त्री गुरुङ

**रासस**
काठमाडौं, १४ चैत

गृहमन्त्री सुधन गुरुङले कानुनभन्दा माथि कोही पनि नरहेको बताउनुभएको छ।

गत भदौ २३ गतेको जेनजी आन्दोलनका बारेमा छानबिन गर्न गठित आयोगले दोषी ठहर गरेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# एउटै घटना र एकै किसिमको सिफारिसमा सरकारको 'सेलेक्टिभ' व्यवहार गलत: कांग्रेस

**रासस**
काठमाडौं, १४ चैत

नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखक पक्राउसम्बन्धी पछिल्लो घट्नाक्रमबारे आफ्नो धारणा सार्वजनिक गरेको छ।


पार्टी प्रवक्ता देवराज चालिसेले आज विज्ञप्ति जारी गर्दै गत भदौ २३ र २४ गतेको घटनाका सन्दर्भमा गत भदौ २५ गते नै कांग्रेसले उच्चस्तरीय आयोगमार्फत २३ गतेको दमन र २४ गतेको विध्वंशको छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेको स्मरण गराउनुभएको छ।

यसैगरी, भदौ २७ गते तत्कालीन उपसभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले 'भदौ २३ र २४ गतेका घटनाको छानबिन गरी दोषी देखिएकालाई कारबाहीको दायरामा ल्याउन' आग्रह गरेको कांग्रेसले जनाएको छ। कांग्रेस प्रारम्भबाट नै भदौ २३ र २४ दुवै दिनका घटनाको निष्पक्ष, कानुनसम्मत र पूर्वाग्रहरहित ढङ्गले छानबिन गरी आवश्यक कानुनी कारबाही गर्नुपर्छ भन्ने पक्षमा अविचलित र दृढ रहेको विज्ञप्तिमा उल्लेख छ।

यही चैत ६ देखि ८ गतेसम्म बसेको कांग्रेसको बैठकले गत भदौ २३ र २४ गते भएका घटनाबारे जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगद्वारा बुझाएको जाँचबुझ प्रतिवेदन अविलम्ब सार्वजनिक गर्न सरकारसँग माग गरेको थियो। साथै कांग्रेसले भदौ २३ मा भएको राज्य शक्तिको दुरुपयोग तथा भदौ २४ गतेको विध्वंशका घटनामा संलग्न दोषीलाई कानुनबमोजिम कारबाही र पीडितलाई न्याय सुनिश्चित गर्न पुनः आग्रह गरेको जनाएको छ । कांग्रेसले सरकारले 'आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी सो बमोजिम गर्ने, तर अन्यमा हकमा तत्काल कार्यान्वयन गर्ने' भन्ने निर्णय गर्नु र पक्राउ गर्नुले भदौ २३ को एउटै घटना, एउटै छानबिन प्रतिवेदन र एकै किसिमको सिफारिसमा पनि सरकारको व्यवहार 'सेलेक्टिभ' भएको भनी टिप्पणी गरेको छ।

यसैगरी, कांग्रेसले भदौ २३ र २४ का घटनालाई निष्पक्ष छानबिन गरी न्याय निरुपण गर्नुपर्ने माग गर्दै त्यसमा आफ्नो साथ रहने समेत जनाएको छ। "दुवै दिनको घटनामा संलग्न जो सुकै भए पनि कारबाही हुनुपर्छ, त्यसमा हाम्रो साथ रहन्छ। तर, त्यो कारबाही उत्तेजना र आवेगमा आएर होइन, कानुनी प्रक्रियाबमोजिम हुनुपर्छ । यसमा सरकार स्वयं संयमित र परिपक्व नहुँदा हतारमा गरिएको निर्णयले कानुनको शासन कमजोर हुनसक्छ, देश पुनः द्वन्द्व र अस्थिरतातर्फ जान सक्छ", विज्ञप्तिमा भनिएको छ । यसैबीच कांग्रेस नेता पूर्णबहादुर खड्काले कार्यवाहक सभापतिका नाममा छुट्टै विज्ञप्ति

**बाँकी अन्तिम पृष्ठमा ▶▶**




# पन्ध्र दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गरिने

**रासस**
काठमाडौं, १४ चैत

सरकारले मुलुकमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने भएको छ। समितिमा कानुन, अर्थ, राजस्व तथा अनुसन्धान क्षेत्रका विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधि समावेश गर्ने सरकारद्वारा शनिबार सार्वजनिक शासकीय सुधारसम्बन्धी कार्यसूचीमा उल्लेख छ।

उक्त समितिले पहिलो चरणमा २०६२-६३ देखि २०८२-८३ सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक दलका पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीको सम्पत्ति विवरणको सङ्कलन, प्रमाणीकरण र छानबिन उल्लेख छ । दोस्रो चरणमा विसं २०४८ सालदेखि २०६१-६२ सम्मको अवधिमा सार्वजनिक पद धारण गरेका सोही प्रकृतिका पदाधिकारी तथा कर्मचारीको सम्पत्ति छानबिन गरिनेछ।

छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेस गरेका प्रतिवेदन तथा सिफारिसहरू सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइने कार्यसूचीमा उल्लेख छ।

यस्तै, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न राष्ट्रिय सतर्कता केन्द्रको पुनःसंरचना योजना ३० दिनभित्र तयार गरी कार्यान्वयनमा ल्याइने जनाइएको छ।

# कनेक्टिभिटीमा जोड दिँदै सकियो जाउँ है पोखरा अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत

पर्यटक आदानप्रदान र कनेक्टिभिटीमा जोड दिँदै यसबर्षको जाउँ है पोखरा अभियान मकवानपुरको हेटौंडामा शुक्रबार समापन गरिएको छ।

यही चैत ९ गतेबाट सुरु भएको पाँच दिने अभियान अन्तर्गत वीरगंज, विराटनगर र इलाममा पनि पत्रकार सम्मेलन र अन्तरक्रियाहरु आयोजना गरिएको थियो । होटल संघ पोखरा नेपालको अयोजना तथा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयको समन्वय तथा सहकार्यमा यो अभियान संचालन गरिएको थियो । अभियानको क्रममा पूर्वका भद्रपुर, सिमरा, विराटनगर र फाल्गुनन्द विमानस्थलबाट पोखरासम्म हवाई सेवा संचालनको निरन्तरता र संभाव्यताका विषयमा छलफल भएको आयोजक संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। यसैगरी पूर्वका विभिन्न शहरबाट पोखरासम्म पर्यटकीयस्तरको बस सेवा संचालनबारे समेत बहस अगाडि बढाइएको उनले बताए।

नयाँ बर्षका अवसरमा यही चैत २९ देखि बैशाख १



गतेसम्म पोखराको लेकसाइडमा आयोजना हुन लागेको २१ औं फेवा नव बर्ष महोत्सवमा सहभागिताका लागि समेत संघले पूर्वका वासिन्दालाई निमन्त्रणा प्रदान गरेको अध्यक्ष सुवेदीले जानकारी दिए । पूर्वी नेपालको भ्रमणका क्रममा संघले पर्यटन, संस्कृति र खानालाई जोड दिएर गर्न लागिएको महोत्सवमा पर्यटकलाई होटलको प्रकाशित दररेटमा २५ प्रतिशत सम्म छुट प्रदान गरिने जानकारी गराएको थियो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले पोखरालाई पहिलो रोजाईको पर्यटककीय गन्तव्य बनाउने गरी बोर्डले निजी क्षेत्रसँग सहकार्य गरिरहेको जानकारी दिँदै मध्यपूर्वमा जारी तनावका कारण नेपालको पर्यटन प्रभावित हुने चिन्ता बढेको बताए । जल, जमीन र आकास सबै क्षेत्रका गतिविधिमा पर्यटकीय पोखराले आफ्नो पहिचान बनाएको बताउँदै उनले पूर्व र पोखरा विच पर्यटक र व्यवसायको आदानप्रदानले पर्यटनको विकासमा थप टेवा पुग्ने सुझाव राखे । होटल संघ नेपाल गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्लेले नेपाली पर्यटनले भोग्दै आउनुपरेका समस्या र चुनौतिका बारे चर्चा गर्दै पर्यटनको विकासको लागि सरकारले पनि उत्तिकै गंभीर भएर शोच्न जरुरी भएको भनाई राखे । ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले गण्डकी प्रदेशले पदयात्रा पर्यटनको क्षेत्रमा बोकेका अपार संभावनाका बारेमा अवगत गराएका थिए । अन्नपूर्ण क्षेत्रको पदयात्रा, मनाङ, मुस्ताङ र उपल्लो मुस्ताङको भ्रमण लगायत थुप्रै धार्मिक क्षेत्रको दर्शन समेत ती क्षेत्रमा गर्न सकिने उनले बताए। इलाममा आयोजित कार्यक्रम सूर्योदय नगरपालिका वडा नम्बर ८ का अध्यक्ष जंगबहादुर गुरुङ र हेटौंडामा आयोजित कार्यक्रम होटल संघ मकवानपुरका संस्थापक एवं होटल व्यवसायी महासंघका सल्लाहकार भागिरथ शर्माले उद्घाटन गरेका थिए । अभियानमा सहभागीलाई स्वागत पछि सूर्योदय होटल व्यवसायी संघका अध्यक्ष प्रज्वल प्रधानले सुर्योदय खाना महोत्सवका बारेमा जानकारी गराए । मकवानपुरका संस्थापक एवं होटल व्यवसायी महासंघका सल्लाहकार भागिरथ शर्माले देशको चिनारी र अर्थतन्त्रका लागि पर्यटनको योगदान महत्वपूर्ण हुने भनाई राखे । आयोजक संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठ र द्वितीय उपाध्यक्ष गणेशराज पहारीले पनि अभियानका अवसरमा भनाई राखेका थिए । कार्यक्रमको संचालन संघका सचिव पार्वती पाण्डेले गरेकी थिइन् ।



कालीगण्डकीमा र्याफ्टिङ : म्याग्दीको बेनी हुँदै बग्ने कालीगण्डकी नदीमा शनिबार र्याफ्टिङ गर्दै आन्तरिक पर्यटकहरु । पोखरा भ्रमण वर्ष मूल समारोह समितिको आयोजनामा बेनी देखि पर्वतको फर्से हुदै नयाँपुलसम्म आन्तरिक पर्यटकहरुलाई लक्षित गरेर र्याफ्टिङ सञ्चालन भएको छ। तस्बिर : सन्तोष गौतम/रासस

# माछापुच्छ्रे अध्यक्ष कप भलिबल सम्पन्न, पुरुषको उपाधि बौदीकालीलाई, महिलाको एलिट एकेडेमीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत

माछापुच्छे गाउँपालिका अध्यक्ष कप,गण्डकी प्रदेश अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि बौदीकालिले हात पारेको छ। विजेता बनेको बौदीकालिले नगद रु २ लाख ट्रफी र मेडल प्राप्त गऱ्यो ।

प्रतियोगितामा सुक्ला गण्डकी नगरपालिका तनहुँले उपविजेता मा नै चित्त बुझायो । सुक्लाले नगद रु २ लाख ट्रफी र मेडल प्राप्त गऱ्यो। सेमिफाइनल उपविजेता अन्नपूर्ण र बिरुवा गाउँपालिकालाई नगद रु २५/२५ हजार साथमा ट्रफी,मेडल प्राप्त गरे । पुरुष तर्फ बौदीकालिका हिमाल सुनारी उत्कृष्ट खेलाडी, सुक्ला गण्डकीका इश्वर सुंवार उत्कृष्ट स्पाई कर, बौदीका विश्वास अधिकारी उत्कृष्ट ब्लकर, शुक्लाका अशोक मल्ल उत्कृष्ट सेटर, बौदीकालिका अशोक श्रेष्ठ उत्कृष्ट सर्भर, शुक्लाका मदन ठकुरी वेस्ट डिफेन्डर र उत्कृष्ट प्रशिक्षक बौदीका जित बहादुर थापा घोषित भए। उनीहरूलाई पालिकाको लोगो अङ्कित खेलकुद पोसाक प्रदान गरिएको थियो ।

त्यसै गरी महिलातर्फको उपाधि एलिट भलिबल एकेडेमीले जित्यो । विजेता एलिटले नगद रु ६० हजार साथमा ट्रफी र मेडल प्राप्त गऱ्यो । त्यसै गरी शान्ता भलिबल ट्रेनिङ सेन्टर द्धितिय भई नगद रु ३० हजार साथमा ट्रफी, मेडल प्राप्त गऱ्यो । सेमिफाइनलमा उपविजेता बनेको टिम बागलुङ र बागलुङ जौमुनिले नगद रु १५/१५ हजार प्राप्त गरे ।

त्यसै गरी प्रतियोगीको महिलातर्फ एलिटकी जेनीसा वि.क उत्कृष्ट खेलाडी,शान्ताकी साजना नेपाली उत्कृष्ट स्पाइक, उत्कृष्ट ब्लकर सलिना गुरुङ र एलिटकी रोस्मिना गुरुङ उत्कृष्ट सेटर, रिक्जना भोटे उत्कृष्ट सर्भर र शान्ताकी पृथ्वी धा उत्कृष्ट डिफेन्डर साथै एलिटकी मलिन रोका उत्कृष्ट प्रशिक्षक घोषित भइन । उनीहरूलाई पालिकाको लोगो अङ्कित खेलकुद पोसाक प्रदान गरिएको थियो ।

छोलो तर्फ अशोक पुन प्रथम, सरोज मगर द्धितिय पारमान



गुरुङ तृतीय र दीपक हर्मेल सान्त्वना भए। छोलो मा प्रथमले नगद रु १० हजार, द्धितियले नगद रु ५ हजार, तृतीयले नगद रु २ हजार र सान्त्वनाले नगद रु १ प्राप्त गरे । पूर्व राष्ट्रिय भलिबल खेलाडी एवं चौथो माछापुच्छे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा खुल्ला महिला भलिबल प्रतियोगिता-२०८२ को खेल संयोजक लेखनाथ लम्सालका अनुसार माछापुच्छे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा माछापुच्छ्रे-४, लाहाचोकमा चौथो माछापुच्छे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता भएको हो । प्रतियोगिताको स्थानीय व्यवस्थापन माछापुच्छे-४, लाहाचोकले र संयोजन माछापुच्छे भलिबल संघले गरेको हो । प्रतियोगिता चैत्र ११ गते देखि १४ गते सम्म चलेको थियो ।

प्रतियोगितामा राष्ट्रिय स्तरका खेलाडी पनि सहभागिता जनाएको कारण प्रतियोगिता थप रौनकता आएको गाउँपालिका अध्यक्ष मीन बहादुर गुरुङले जानकारी दिए । प्रतियोगितामा झाकी, विविध सांस्कृतिक कार्यक्रम पनि गरिएको वडा न.४ लाहाचोकका अध्यक्ष मधुसुदन अधिकारीले जानकारी दिए। माछापुच्छे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन खेलकुद विकास समितिका सदस्य सचिव हुम् बहादुर गुरुङले गरेका थिए ।

# पोखरामा रामनवमीको अवसरमा प्रवचन समारोह

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत

श्री राम नवमीको अवसर पारेर पोखरामा विश्व शान्तिको कामना सहित प्रवचन समारोह आयोजना गरिएको छ। शुक्रबार पोखरा रानीपौवास्थित मनमन्दिरमा आयोजित विश्वमा हिंसा र युद्धको तत्काल अन्त्य भै शान्तिको कामना सहित सो कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमका प्रमूख अतिथि उपभोक्ता मञ्च गण्डकीका अध्यक्ष कपिलनाथ कोइरालाले दीप प्रज्वलन गरी सो कार्यक्रममको उद्घाटन गरेका थिए । सो समारोहमा बोल्दै प्रमूख अतिथि कोइरालाले निस्वार्थ भावनाका साथ गरिने कार्यबाट समाजको सेवामा योगदान पुग्ने बताए । कार्यक्रम स्थल मनमन्दिरले पोखरामा महत्वपूर्ण



योगदान दिएको बताउँदै उनले यस ठाँउको बारेमा पर्याप्त चर्चा परिचर्चा हुनु पर्नेमा जोड दिए । मनमन्दिरका संस्थापक विष्णु बिक्रम जि. एस.ले स्वर्गीय श्रीमती चन्द्रकला जि.एस.को सम्झनामा सेवाको भावनाले समर्पित गरेको परोपकारी संस्था हो। यो मन्दिरमा विशेषगरी वृद्धहरुका लागि निशुल्क शारीरिक स्वास्थ्य उपचार, फिजियोथेरापी, मसाज, आँखा, कानको परिक्षण हुन्छ। संस्थाका संस्थापक जि. एस.का अनुसार मन्दिरमा ध्यान तथा साधनाका साथै विभिन्न सिपमुलक सिर्जनात्मक कला कौशलका विषयमा पनि पठन पाठनको व्यवस्था गरिएको हो। त्यसैगरी सोही समारोहमा प्रमूख वक्ताका रुपमा डा. नारायण प्रसाद अधिकारीले प्रवचन दिनु भएको थियो। प्रमूख वक्ता डा. अधिकारीले भगवान रामको महिमा बताउँदै उनलाई पूजा गर्ने तर सोही अनुसार अनुसरण भने नगर्ने गरेको बताए । रामको जीवनीबाट हामीले धेरै प्रेरणा पाउन सकिने व्याख्या गर्दै रामायणले नेपालीलाई एकआपसमा जोड्न सहयोग गरेको उनको भनाइ थियो। सो अवसरमा भक्ति संगीत प्रतिष्ठान पोखराका अध्यक्ष तथा संगीतकार नवराज बरालको नेतृत्वको समूहले भजन प्रस्तुत गरेको थियो । पोखरा चिसाखोला वेदविद्याश्रमको आयोजनामा सो कार्यक्रम भएको थियो। वेदविद्याश्रमका प्राचार्य मोक्षनाथ तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन संस्कृतिकर्मी तथा साहित्यककार रविन्द्र माकाजूले गरेका थिए।


## वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ओली र ...

अनुसन्धानका लागि नियन्त्रणमा लिइनु प्रतिशोध नभएको स्पष्ट पार्नुभयो । "कानुनभन्दा माथि कोही छैन । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान गृहमन्त्री रमेश लेखकलाई नियन्त्रणमा लिएका छौं, यो कसैप्रति प्रतिशोध होइन, केवल न्यायको सुरुआत हो", मन्त्री गुरुङले फेसबुकमा लेख्नुभएको छ। उहाँले अब देशले नयाँ दिशा लिने विश्वाससमेत व्यक्त गर्नुभएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा गठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले जेनजी आन्दोनलको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वको आयोगले दिएको सिफारिस कार्यान्वयन गर्ने निर्णय गरेको थियो । आयोगले पूर्वप्रधानमन्त्री ओली, पूर्वगृहमन्त्री लेखकलगायतमाथि फौजदारी कानुनअनुसार कारबाही गर्न सिफारिस गरेको छ । सोही सिफारिसका आधारमा प्रहरीले शनिबार बिहानै ओली र लेखकलाई पक्राउ गरेको हो।

## एउटै ...

जारी गरी पक्राउ प्रकरणप्रति आपत्ति प्रकट गर्नुभएको छ। उहाँले संवैधानिक, कानुनी र राजनीतिक प्रतिवाद गरिने उल्लेख गर्नुभएको छ। यसैगरी कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलले पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखकको पक्राउ 'राजनीतिक प्रतिशोध र पूर्वाग्रह' भएको बताएको छ। तरुण दलका अध्यक्ष विद्वान गुरुङले आज एक विज्ञप्ति जारी गरी यस्ता एकपक्षीय र दुराशयपूर्ण कदमले लोकतान्त्रिक मूल्य र विधिको शासनमाथि ठाडो प्रहार गर्नाका साथै देशलाई अनावश्यक द्वन्द्व र अस्थिरतातर्फ धकेल्ने गम्भीर खतरा उत्पन्न गराएको उल्लेख गर्नुभएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# द्वन्द्व बढाउँने एकपक्षीय प्रतिवेदन

जेनजी आन्दोलनमा भएको मानवीय क्षति र विध्वंसका बारेमा गठन भएको पुर्व न्यायाधीश गौरी बहादुर कार्की अध्यक्ष भएको जाँचबुझ आयोगको प्रतिवेदन एकपक्षीय भएको सरकारले भदौ २४ को छानबिन आयोग गठन गर्ने निर्णयले प्रष्ट पारेको छ।तत्कालीन प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले भदौ २३ र २४ गतेको घटना जाँचबुझ आयोग गठन भएको हो । पटकपटक म्याद थप गरेको आयोगले निष्पक्ष छानबिन नगरेको नयाँ बनेको बालेन्द्र शाह नेतृत्वको सरकारले भदौ २४ गतेको घटनाको छानबिन गर्न उच्चस्तरीय समिति बनाउने सरकारको १०० कार्ययोजनामा समेटिएको छ । शुरुदेखि नै विवादित गौरी बहादुर कार्की आयोगको प्रतिवेदनलाई धेरै क्षेत्रले अपुरो र क्षेत्राधिकार बाहिर गएको भनी विरोध भएको छ। २०८२ भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ प्रतिवेदन अन्ततः सार्वजनिक भयो । तर, सरकारले औपचारिक रूपमा सार्वजनिक नगरी मिडियामार्फत बाहिरियो । नियोजित रूपमा सार्वजनिक गराइएजस्तो लाग्ने यो प्रतिवेदन पढ्दा अनेक प्रश्न उब्जिएका छन ।

सबैभन्दा पहिलो प्रश्न-विश्वसनीयता । कुनै पनि छानबिन आयोगको सबल पक्ष त्यसको निष्कर्षमा होइन, प्रतिवेदनप्रति नागरिकको विश्वासमा निहित हुन्छ । तर, यस आयोगको नेतृत्वमा रहेका व्यक्तिका अघिल्ला सार्वजनिक अभिव्यक्तिले नै तटस्थतामाथि शङ्का उब्जाइसकेको थियो । आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले जसरी भदौ २४ को विध्वंशमा सडकमा उपद्रव मच्चाइरहेको भिडलाई उक्साउँदै सामाजिक सञ्जालमा पोस्ट गरिरहेका थिए, ती निकै गैरजिम्मेवार र अभद्र थिए । बहालवाला प्रधानमन्त्रीलाई नियन्त्रणमा लिई कारबाही बढाउनुपर्ने भनी उत्तेजनापूर्ण स्टाटस लेख्ने कार्की भ्रामक सूचना फैलाउन उद्यत थिए । उनले तोडफोड र आगजनीमा संलग्न प्रदर्शनकारीलाई शान्त हुन र काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र शाहको नेतृत्वमा सरकार बनाउन आह्वान गरेका स्टाटस अझै 'पब्लिक डोमेन' मा छरपस्ट छन् । जेन-जी प्रदर्शनलाई खण्ड-खण्ड गरेर नहेरी भदौ २३ र २४ के हो भन्ने बुझिँदैन । के बिर्सन हुँदैन भने विद्यार्थीलाई स्कूले पोसाकमा प्रदर्शनमा आए प्रहरीले गोली प्रहार गर्दैन भन्दै प्रदर्शनमा बोलाउने कन्टेन्ट क्रिएटर, तथाकथित सेलिब्रेटी र इन्फ्लुएन्सरहरू हुन् ।

भदौ २३ को प्रदर्शन पूर्ण रूपमा स्वतःस्फूर्त थिएन भन्ने सङ्केत भरमार छन् । डिजिटल प्ल्याटफर्महरूमा गरिएको आह्वान, विशेषगरी युवा र विद्यार्थीलाई लक्षित सन्देशले योजनाबद्ध गतिविधिको झलक दिन्छ । 'स्कूल ड्रेसमा आए गोली चल्दैन' जस्ता चर्चाले नाबालकलाई जोखिमपूर्ण अवस्थातर्फ धकेलेको देखिन्छ । त्यसरी आएका विद्यार्थीहरूमाथि ताकीताकी गोली प्रहार भएको छ । नवयुवालाई प्रदर्शनमा बोलाउन २३ गतेअघि नै काठमाडौंका विभिन्न स्थानमा बैठक गरिएका थिए । भदौ २३ योजनाबद्ध देखिन्छ । सामाजिक सञ्जाल नियमन त एउटा बहाना मात्र थियो । भदौ २३ गते बिहान ९ बजे माइतीघरबाट हिँडेको जुलुसमा घुसपैठ भएपछि नयाँ बानेश्वरस्थित एभरेष्ट होटलअगाडि सडकको ब्यारिकेड तोडियो । त्यसपछि जेन-जी नेतृत्वले 'प्रदर्शनमा घुसपैठ भयो, सबै घर फर्किऔँ' भनेपछि भिड तितरबितर भयो । केही प्रदर्शनकारी संसद् भवनतर्फ बढे, जहाँ गोली प्रहार भयो र १९ जनाको ज्यान गयो । प्रतिवेदनले गोली प्रहारमा संलग्न भन्दै तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, काठमाडौंका सिडिओ र प्रहरीका प्रमुखलाई दोषी देखाउँदै सजायका निम्ति सफारिश गरेको छ,। त्यही आधारमा सरकारले पुर्व प्रधानमन्त्री केपी शर्मा ओली र पुर्व गृहमन्त्री रमेश लेखकलाई सुर्योदय नहुँदै पक्राउ गरेको छापक्राउको विरोधमा एमालेले सडकबाट विरोध जनाएको छाकानुनी उपचार खोज्ने भएको छा नवयुवालाई उत्तेजित बनाउन भूमिका खेल्ने घुसपैठीहरू को को थिए र उनीहरूको उद्देश्य के थियो भन्ने प्रश्नलाई सम्बोधन गरेको छैन । प्रतिवेदनले प्रहरीलाई हतियार फालेर भाग्न आदेश दिने प्रहरी कमान्डरको बारेमा पनि ढाकछोप गरेको छ ।

भदौ २४ लाई २३ कै निरन्तरताको रूपमा अर्थ्याउने गलत भाष्यलाई स्थापित गर्न दोस्रो दिन देशैभरि भएको योजनाबद्ध र सङ्गठित हिंसा, आगजनी र तोडफोड सम्बन्धमा प्रतिवेदन मौन छ । त्यसैले यो पत्रु प्रतिवेदनका रूपमा चित्रित गरिएको छ । भदौ २३ मा भएको दमन र भदौ २४ मा देखिएको अराजकता-दुवैका जिम्मेवार पक्षलाई समान रूपमा अनुसन्धानको दायरामा ल्याउनुपर्ने थियो । तर, प्रतिवेदनले त्यो सन्तुलन कायम गर्न सकेको छैन । यो प्रतिवेदन असाध्यै पक्षपातपूर्ण छ, एकतर्फी छ । करिब दुई तिहाइ सिट ल्याएको दल र तिनका नेता तथा कार्यकर्तालाई जोगाउन खोजिएको छ । जवाफदेहिताको सन्दर्भमा स्पष्ट विभेद देखिन्छ । केही व्यक्तिलाई दोषी देखाएर अहिले राज्यशक्तिमा रहेका राजनीतिक नेतृत्व, सुरक्षा संयन्त्र र प्रभावशाली समूहलाई जोगाउन खोजिएको छ ।

प्रतिवेदनमा भदौ २३ का निम्ति जिम्मेवारी ठहर गर्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, सिडिओ छवि रिजाल र प्रहरी प्रमुख चन्द्र कुवेर खापुङलाई फौजदारी मुद्दा चलाउन सफारिश गरिएको छ। नवगठित सरकारको पहिलो बैठकले प्रतिवेदनले सिफारिस गरेकाहरुमाथि कारवाही अगाडि बढाउने निर्णय गरेको पनि छ । तर भदौ २४ मा देशभर गरिएको नियोजित आगजनी, तोडफोड र विध्वंशमा संलग्नहरूबारे प्रतिवेदन मौन छ । भदौ २३ र २४ का निम्ति जिम्मेवार देखिएका काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र शाह र नेपाली सेना, आगजनीका निम्ति उक्साउँदै हिँडेका बालेन्द्र शाहका घनिष्ठ मित्र हालका गृहमन्त्री सुदन गुरुङको संलग्नतालाई पूरै ढाकछोप गरिएको छ । प्रतिवेदनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानेलाई नख्खु जेलबाट बलजफ्ती निकाल्ने मनिष झा र डिपी अर्यालजस्ता नेताहरूलाई पनि चोख्याइएको छ । यस्तो प्रतिवेदनका आधारमा कार्यान्वयन गर्न खोज्नु देशलाई मुठभेडमा लानु हो । सरकार बढी संयम र जिम्मेवार बन्नुपर्नेमा भाइरल बन्न खोज्नु उत्ताउलो हो । सरकार प्रचण्ड बहुमतमा भएको हुँदा कानुनी शासनको पालना र निष्पक्ष व्यवहार आवश्यक हुन्छ । प्रतिशोधले दुवैलाई खाल्टोमा पुर्छ भन्ने हेक्का राख्नु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : कार्यमा सफलता |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एक साताभित्र उच्चस्तरीय छानबिन समिति गठन गरिने

**रासस**
काठमाडौं, १४ चैत

सरकारले जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते भएका घटनाको सत्यतथ्य छानबिन गर्न एक साताभित्र उच्चस्तरीय छानबिन समिति गठन गर्ने भएको छ ।

उक्त समितिलाई घटनासम्बन्धी सम्पूर्ण विवरण सङ्कलन, विश्लेषण तथा जिम्मेवार पक्ष पहिचान गरी निश्चित समयसीमाभित्र प्रतिवेदन पेस गर्न कार्यदिश दिने सरकारको निर्णय छ । उक्त सिफरिसका आधारमा आवश्यक थप कारबाही प्रक्रिया अघि बढाउने सरकारको शासकीय सुधारसम्बन्धी कार्यसूचीमा उल्लेख छ ।

उक्त आन्दोलनका क्रममा भएका घटनाको सत्यतथ्य छानबिन गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदनका आधारमा दोषी व्यक्ति तथा पक्षमाथि प्रचलित कानुनबमोजिम आवश्यक अनुसन्धान, कारबाही र अभियोजन प्रक्रिया तत्काल अघि बढाइनेछ । जेनजी आन्दोलनका क्रममा भएका घटनाबाट प्रभावित परिवार र नागरिकको न्याय, पुनःस्थापना र राज्यप्रतिको विश्वास पुनस्थापना गर्न एकीकृत पहल गर्ने उल्लेख छ । उक्त पहलअन्तर्गत सहिद परिवार तथा घाइतेको तथ्याङ्क सङ्कलन तथा प्रमाणीकरण गरी सम्मानजनक पुनःस्थापना, जीवनयापनको सुरक्षा र सामाजिक संरक्षण सुनिश्चित गर्न एक सय दिनभित्र योग्यताअनुसारको सरकारी, सार्वजनिक र निजी क्षेत्रमा रोजगारीको 'प्याकेज' घोषणा गरिने कार्यसूचीमा उल्लेख छ ।

# सात प्रदर्शनकारी पक्राउ

**रासस**
काठमाडौं, १४ चैत

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली पक्राउको विरोधमा उत्रिएका सात प्रदर्शनकारीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले सिंहदरबारस्थित निषेधित क्षेत्रमा प्रवेश गर्न खोजेपछि उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार बबरमहलमा केही प्रदर्शनकारीहरूले टायर बालेर प्रदर्शन गरेका थिए । सोही क्रममा प्रहरीसँग घम्साघम्सी भएको थियो । प्रहरीको लाठी लागेर केही प्रदर्शनकारी घाइतेसमेत भएका छन् । त्यस क्रममा प्रदर्शनकारी उत्तेजित बन्न थालेपछि एक सेल अश्रुग्यास प्रहार गरी स्थिति नियन्त्रणमा लिइएको भट्टराईले बताउनुभयो । शनिबार बिहान अध्यक्ष ओली पक्राउपछि एमालेले गरेको निर्णयअनुसार कार्यकर्ता प्रदर्शनमा निस्किएका थिए । काठमाडौंको माइतीघर, बबरमहल र सिंहदरबार दक्षिणगेट अगाडि एमालेका कार्यकर्ताले प्रदर्शन गरेका थिए ।

# ढोरपाटनमा दोस्रो यामको सिकार सुरु

**खेमराज गौतम**
बागलुङ, १४ चैत/रासस

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा अहिले दोस्रो यामको सिकार सुरु भएको छ । ढोरपाटन सिकार आरक्षमा दोस्रो याममा १४ नाउर र १० झारलको सिकार अनुमति दिइएको हो ।

दोस्रो सिकार यामका रूपमा मानिएको फागुनदेखि वैशाखसम्म सिकार खेल्न केही सिकारी ढोरपाटनमा व्यस्त छन् भने केही विदेशी सिकारी नेपाल आउने तयारीमा रहेका ढोरपाटन सिकार आरक्षका रेञ्जर सागर सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्षको दोस्रो याममा १३ बनेलकोसमेत सिकार गर्न अनुमति दिइएको छ ।

ढोरपाटन आरक्षले विभिन्न सिकार ब्लकमा वन्यजन्तु विभागको अनुमतिमा सिकार गर्न दिइएकामा अहिले ग्लोबल सफारी प्रालिमार्फत आएका अमेरिकी नागरिकले एक नाउर र एक झारल सिकार खेलेर फर्किएका जनाउँदै रेञ्जर सुवेदीले हिमालयन सफारी नेपालमार्फत आएका अमेरिकन र डेनिस नागरिक ढोरपाटन क्षेत्रमा सिकार खेल्न व्यस्त रहेका बताउनुभयो ।

"विदेशी सिकारीले नाउर र झारलको सिकारका लागि प्रतिस्पर्धाका आधारमा राजश्व बुझाएर अनुमति लिन्छन् । दोस्रो यामको सिकार चलिरहेकाले आरक्षका कर्मचारी र नेपाली सेना सिकार ब्लकमा सिकारीसँग आवश्यक सामग्री व्यवस्थापनमा व्यस्त छन्", रेञ्जर सुवेदीले भन्नुभयो । उहाँका अनुसार दोस्रो याममा हिमालयन वाइल्डलाइफ आउट फिटरमार्फत डेनिस नागरिकले एक नाउर, एक झारल र एक बनेल सिकार खेल्न अनुमति पाएका छन् । यस्तै ओपन नेपाल वाइल्डलाइफ सफारी एण्ड ट्रेक प्रालिमार्फत अमेरिका, बेल्जियम र फ्रान्सका नागरिकले सुनदह र सेङ ब्लकमा तीन नाउर, दुई झारल र एक बनेल सिकारको अनुमति पाएका छन् । नेपाल ट्राभल एक्पेडिसन प्रालिमार्फत घुस्तुङ ब्लकमा तीन नाउर, तीन झारल र तीन बनेल सिकार खेल्न रसियन, अफ्रिकन र फ्रान्सका नागरिकले सिकार खेल्ने अनुमति पाएसँगै तयारीसहित नेपाल आउन लागेका रेञ्जर सुवेदीले जानकारी दिनुभयो । त्यस्तै ग्लोबल सफारिज प्रालिमार्फत सुनदह र दोगाडी ब्लकमा अमेरिका, डेनिस नागरिकले चार नाउर, दुई झारल र चार बनेलको सिकार गर्न अनुमति पाएका छन् भने हिमालयन सफारिज नेपाल प्रालिमार्फत अमेरिकी नागरिकले दुई नाउर, एक झारल र दुई बनेल सिकारको अनुमति पाएकामा एक नाउर र एक झारलको सिकार भइसकेको छ । ट्रेक एण्ड देलर्स प्रालिमार्फत स्पेनी नागरिकले एक झारल, एक नाउर र एक बनेल सिकारको अनुमति पाएका सुवेदीले उल्लेख गर्नुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षको पहिलो सिकारयाममा रु तीन करोड तीन लाख राजस्व सङ्कलन भएकामा दोस्रो सिकारयामका लागि सिकारी आउनेक्रम जारी रहेकाले राजस्व सङ्कलनको काम भइरहेको छ ।



रेञ्जर सुवेदीले भन्नुभयो, "१४ नाउर, १० झारल र १३ बनेलको सिकार खेल्न विभागले अनुमति दिएकामा अहिलेसम्म एक नाउर र एक झारलको सिकार भइसकेको छ । अन्य केही सिकारी सिकार खेल्न व्यस्त छन् भने केही सिकारी नेपाल आउने क्रममा छन् ।" पहिलो सिकार याममा एउटै नाउरबाट रु १९ लाख र झारलबाट १८ लाखसम्म राजस्व सङ्कलन भएको जनाउँदै उहाँले दोस्रो यामका लागि कम मूल्यमा सिकार अनुमति दिइए पनि सिकारी आउनेक्रम जारी रहेकाले सिकारयाम सकिएपछि मात्रै राजस्व सङ्कलनको वास्तविक विवरण आउने बताउनुभयो ।

सिकारी बन्दोबस्तीका सामग्रीसहित गत फागुन दोस्रो सातादेखिनेपालआउनथालेकाछन्। विदेशी सिकारी हेलिकप्टरमार्फत सोझै सिकार ब्लकमा पुग्ने गरेका छन् । सिकार खेल्ने क्रममा नेपाली सहयोगीसहित आरक्षका कर्मचारी पनि विदेशी सिकारीसँग खटिने गरेका रेञ्जर सुवेदीले बताउनुभयो। उहाँका अनुसार विभागले हरेक वर्ष नाउर र झारलको सिकारका लागि कोटा निर्धारण गरी अनुमति दिने गर्दछ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार वर्षको पहिलो सिकारयाम असोज-मङ्सिर र दोस्रो सिकारयाम फागुन-वैशाख गरी दुई चरणमा सिकार हुँदै आएको छ । "विदेशी सिकारीसहितको समूहले १५ दिनभित्र तोकिएको ब्लकमा सिकार खेलिसक्नुपर्ने हुन्छ । जङ्गलमा बास बस्ने सिकारीले आरक्ष प्रवेश गरेपछि निर्धारित समयमा मात्रै सिकार खेल्न पाउँछन् । साहसिक यात्रा र रोमाञ्चक सिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बन्दै आएको छ", उहाँले भन्नुभयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक सिकारयाममा विद्युतीय बोलपत्र आह्वान गरेर सिकारको कोटा र राजस्व दर निर्धारण गर्दछ । नाउर र झारलको मूल्य, ब्लकको अग्रिम भुक्तानी, अनुपति (लाइसेन्स), हेलिकप्टरलगायत बन्दोबस्तीको सामग्री तयार गर्दा एक जना सिकारीको करिब रु ३० देखि रु ३५ लाखसम्म खर्च हुने गरेको रेञ्जर सुवेदीले जानकारी दिनुभयो । विदेशी तथा आर्थिक अवस्था सबल भएकाको रोजाइमा मात्रै पर्दै आएको सिकार खेल्ने अवसर नेपालीले भने पाएका छैनन् । सिकार आरक्षको सुरक्षा विसं २०७३ देखि नेपाली सेनाले गर्दै आएको छ । विसं २०४४ मा स्थापना भएको सिकार आरक्ष पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको छ भने यसको मुख्य कार्यालय बागलुङको ढोरपाटन उपत्यकामा पर्दछ ।

# 'होमस्टे सर्किट'मार्फत पर्यटन प्रवर्द्धन गर्दै बन्दीपुर-व्यास

**पोखरापत्र संवाददाता**
दमौली, १४ चैत

तनहुँको बन्दीपुर गाउँपालिका र व्यास नगरपालिकाका विभिन्न होमस्टे (घरबास)हरूलाई एउटै सर्किट (क्षेत्र)मा आबद्ध गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'सामुदायिक होमस्टे सर्किट तथा पर्यटन प्रवर्द्धन कार्यक्रम' सुरु भएको छ ।

ग्रामीण पर्यटनलाई व्यवस्थित, दिगो र आयमुखी बनाउने लक्ष्यसहित होमस्टे सर्किटको अवधारणसँगै पर्यटन प्रवर्द्धन कार्यक्रम सुरु गरिएको हो । कार्यक्रमअन्तर्गत बन्दीपुर-२ को मोहोरिया र रामकोट, व्यास-१४ कुलुङ, केशवटार, रुम्सी, बन्दीपुर-६ धरमपानी, व्यास-१२ कमलाबारी, बन्दीपुर-५ कोरिखा तथा बन्दीपुर सामुदायिक होमस्टेमा अध्ययन अवलोकन गर्ने कार्यक्रम रहेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । उहाँका अनुसार आज पहिलो दिन मोहोरिया, रामकोट, कुलुङ, केशवटार र रुम्सीमा अवलोकन सम्पन्न गरिएको छ ।

आइतबार धरमपानी होमस्टे, ऐतिहासिक हुस्लाङकोट गढी, कमलाबारी, कोरिखा र बन्दीपुर सामुदायिक होमस्टेमा अध्ययन अवलोकन गर्ने कार्यक्रम रहेको अध्यक्ष थापाले बताउनुभयो । उहाँका अनुसार बन्दीपुर-केशवटार होमस्टे सर्किटमार्फत छुट्टाछुट्टै रहेका होमस्टेलाई एकीकृत गर्दै समग्र पर्यटन प्रवर्द्धन गर्ने योजना अघि बढाइएको हो । "यो सर्किटले पर्यटकलाई एउटै यात्रामा विविध गाउँ, संस्कृति र जीवनशैली अनुभव गर्ने अवसर दिने विश्वास छ", अध्यक्ष थापाले भन्नुभयो । करिब ७५ किलोमिटर चक्रीय दूरीमा फैलिएको उक्त सर्किटले १४ होमस्टेसहित २० भन्दा बढी गाउँलाई समेट्नेछ । सर्किटभित्र गुरुङ, मगर, नेवार, क्षेत्री, ब्राह्मण तथा दलित समुदायबाट सञ्चालित होमस्टेमा स्थानीय खाना, वेशभूषा, संस्कार-संस्कृति र परम्परागत जीवनशैली नजिकबाट अनुभूति गर्न सकिनेछ । कार्यक्रममार्फत होमस्टे सञ्चालकलाई आफ्ना सेवासुविधा गुणस्तर सुधार, सरसफाइ, आतिथ्य सत्कार, स्थानीय उत्पादनको प्रवर्द्धन, कलासंस्कृतिको संरक्षण र प्रवर्द्धन, डिजिटल प्रचारप्रसारलगायत विषयसम्बन्धी अभिमुखीकरण दिइने जनाइएको छ । साथै, सर्किटभित्र पर्ने ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरूको पहिचान र संरक्षणमा पनि जोड दिइनेछ । यस सर्किटले आन्तरिक तथा बाह्य पर्यटकको बसाइँ अवधि लम्ब्याउने, स्थानीय उत्पादनको खपत बढाउने र युवालाई स्वरोजगारतर्फ आकर्षित गर्ने अपेक्षा गरिएको छ । ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्दै बसाइँसराइ न्यूनीकरणमा समेत यसले योगदान पुऱ्याउने विश्वास लिइएको अध्यक्ष थापाले बताउनुभयो ।

मुलुकको पहिलो व्यवस्थित होमस्टे सर्किटका रूपमा विकास गर्ने लक्ष्यसहित अघि बढाइएको यस योजनाको प्रारम्भिक छलफल भइसकेको छ । उक्त छलफलमा पहिलो चरण दुवै पालिकाका जनप्रतिनिधि, पर्यटन तथा संस्कृतिविद्, पर्यटन व्यवसायी र प्राविधिक टोलीले सर्किटभित्रका सबै होमस्टे गाउँहरूको स्थलगत अध्ययन र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको थियो ।

पर्यटनविज्ञ हरिसिंह गुरुङका अनुसार बन्दीपुरले अघि सारेको यो अवधारणा सफल भएमा मुलुकको नमूना ग्रामीण पर्यटन गन्तव्यका रूपमा स्थापित हुन सक्नेछ । "यो केवल पर्यटन होइन, समुदायको समग्र रूपान्तरणसँग जोडिएको अभियान हो । यसले स्थानीयको आर्थिकस्तरमा सुधार ल्याउनाका साथै रोजगारीका अवसरहरू सिर्जना गर्नेछ", उहाँले भन्नुभयो ।

# महिला टी-२० क्रिकेटः भारतको सिलिगुडीले उपाधि जित्यो

**रासस**
काठमाडौं, १४ चैत

झापाको भद्रपुरमा सञ्चालित नेपाल-भारत मैत्रीपूर्ण महिला टी-२० प्रतियोगिताको उपाधि भारतको दून हेरिटेज सिलिगुडीले जितेको छ । शनिबार भएको फाइनल खेलमा भारतको अलपाइन स्पोर्टिङ क्लब सिक्किमलाई दुई रनले पराजित गर्दै सिलिगुडीले उपाधि जितेको हो ।

वर्षाका कारण १० ओभरमा सीमित गरिएको खेलमा टस हारेपछि पहिलो ब्याटिङका लागि मैदानमा उत्रिएको सिलिगुडीले निर्धारित ओभरमा ७४ रन बनाएको थियो । सिक्किमले निर्धारित १० ओभरमा ७२ रन मात्र बनाएको थियो ।

नेपाल-भारतमैत्री सङ्घ कोशी प्रदेशको आयोजनामा पहिलो पटक आयोजित प्रतियोगिताको उपाधि जितेसँगै सिलिगुडीले नगद रु ८० हजार पुरस्कारसहित शिल्ड प्राप्त गरेको छ भने सिक्किमले नगद रु ५० हजार नगद पुरस्कार प्राप्त गरेको छ । प्रतियोगितामा सहभागी तेस्रो टिम नेपालको मिलन क्रिकेट क्लब झापाले रु १० हजार नगद पुरस्कारसहित प्रमाणपत्र प्राप्त गरेको छ ।

फाइनल खेलको म्यान अफ द म्याचको पुरस्कार विजेता टिमकी तनुजा सरकारले प्राप्त गरेकी छिन् । प्रतियोगिताको सर्वोत्कृष्ट ब्याटर विजयी टिमका ह्याप्पी सरकार र सर्वोत्कृष्ट बलर विजयी टिमका हितन राय घोषित भएकी हुन् । म्यान अफ द सिरिजको पुरस्कार भने उपविजेता टिमकी मरिन सुब्बाले प्राप्त गरेकी छिन् । आयोजक नेपाल-भारतमैत्री सङ्घ कोशी प्रदेशका अध्यक्ष छत्रबहादुर गिरीको अध्यक्षतामा समापन समारोहमा भारतीय राजदूतावासका प्रथम सचिव वशिष्ठ नन्दनले नेपाल-भारतबीच अत्यन्त सुमधुरसम्बन्ध रहेको स्मरण गराउँदै खेलकुद माध्यमबाट त्यो सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

# गुराँस हेर्न पर्यटक घोडेपानीमा

**सन्तोष गौतम**
म्याग्दी, १४ चैत/रासस



'म त लालीगुराँस भएछु, वनैभरि फुलिदिन्छु, मनैभरि फुलिदिन्छु' स्वर सम्राट नारायणगोपालको यो गीतको शब्दझैँ म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने घोडेपानीको पाखा गुराँस फुलेर रङ्गिएको छ।

वसन्त ऋतुको आगमनसँगै पाखाभरी ढकमक्क लालीगुराँस फुलेर मनमोहक र आकर्षक बनेको घोडेपानी प्रकृतिप्रेमी पर्यटकहरुको रोजाइमा परेको छ। घोडेपानीका होटल व्यवसायी हेमन्त वुद्धुजा पुनले गुराँसको सौन्दर्यमा रमाउन आएका पाहुनाहरुले दुई दिनयता होटलहरु भरिभराउ भएका बताउनुभयो।

"चैतेदसैँ, रामनवमी र शनिबार गरी लगातार तीन दिनको बिदा मनाउनका लागि पोखरा, म्याग्दी र काठमाडौँलगायतका ठाउँबाट आएका पाहुनाहरुले होटलहरु भरिएका छन्," उहाँले भन्नुभयो, "गुराँस फुलेर रंगिएको घोडेपानीको वनपाखा, सूर्योदय, हिमशृङ्खला अवलोकन गर्ने पाहुनाको रोजाइमा घोडेपानी परेको छ।" घोडेपानीका २७ वटा होटलमा एक दिनमा एक हजार जनाभन्दा बढी बास बस्न सक्छन्। समुन्द्री सतहदेखि दुई हजार आठ सय मिटर उचाइमा रहेको घोडेपानीको जङ्गलमा ढकमक्क लालीगुराँस फुलेपछि मनमोहक बनेको छ।

घोडेपानीको शिरमा रहेको पुनहिलमा चियापसल र प्रवेशशूल्क सङ्कलनको जिम्मा पाएका व्यवसायी सुदीप पुर्जाका अनुसार शुक्रबार मात्रै चार सय जना नेपाली र ५० जना विदेशी भ्रमणमा त्यहाँ पुगेका छन्। हप्तादिनअघि दैनिक दुई सय जनाको हाराहारीमा पाहुनाहरु आइरहेको उहाँले बताउनुभयो।

चैत-वैशाख गुराँस फुल्ने याम हो। विश्व प्रसिद्ध अन्नपूर्ण चक्रीय गन्तव्यमा समेटिएको घोडेपानी भ्रमणमा आउने पर्यटकका लागि वसन्त ऋतुको प्रमुख आकर्षण गुराँस हो। पुनहिलमा सूर्योदय र हिमशृत्त लाको दृश्य अवलोकन गर्न जाने बाटोमा गुराँसको जङ्गल छ। यहाँ रातो, सेतो, चिमाली, सिमालीलगायत जातका गुराँस पाइन्छ। पाखोमा फुलेका गुराँसको जङ्गलको पृष्ठभूमिमा धौलागिरी, गुर्जा, अन्नपूर्ण, माछापुच्छ्रेलगायत १६ भन्दा बढी हिमाल र सूर्योदयको दृश्य अवलोकन गर्न सकिन्छ। विश्वमा ४२ प्रजातिको गुराँस पाइन्छ। त्यसमध्ये नेपालमा ३२ प्रजातिका छन्। लालीगुराँस नेपालको राष्ट्रिय फूल पनि हो।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापले गरेको अध्ययनअनुसार घोडेपानी क्षेत्रमा १६ प्रजातिका लालीगुराँस पाइने अन्नपूर्ण गाउँपालिकाका पुर्व अध्यक्ष समेत रहेका घोडेपानीका होटल व्यवसायी डमबहादुर पुनले बताउनुभयो। एकै स्थानमा धेरै प्रजातिका गुराँस पाइने यस क्षेत्रको जङ्गल गण्डकी प्रदेशकै ठूलो भएको उहाँको दाबी छ। घोडेपानी बस्तीको सिरानबाट पश्चिमोत्तर आधा घण्टा गुराँसे जङ्गलभित्र पैदल हिँडेपछि कालीसारस्थित गुराँस पार्क पुगिन्छ। गुराँसले ढाकेको वनमा चराको आवाज सुनेर डुल्दा रमाइलो महसुस र तनावमुक्त बनेको बेनीका अमृत कार्कीले अनुभव सुनाउनुभयो।

स्वच्छ हावापानी र शान्त वातावरणले तन/मन चङ्गा बनाएको पोखराबाट घोडेपानी घुम्न गएका दिया थापाले बताउनुभयो। गुराँस, चराको चिरबिर आवाज र हिमालको दृश्यले लट्ठै बनाएको उहाँले अनुभव सुनाउनुभयो। पाहुनाहरुले गुराँसको जंगललाई पृष्ठभूमिमा पारेर भिडियो/तस्बिर खिचाएर आनन्द लिन्छन्।

घोडेपानीबाट ४५ मिनेट उकालो हिँडेपछि पुगिने समुन्द्री सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा रहेको पुनहिल सूर्योदय र हिमालको दृश्यावलोकनका लागि प्रसिद्ध गन्तव्य हो। गुराँस पार्कबाट थप १५ मिनेट अगाडि बढेपछि गुराँसकै जङ्गलभित्र रहेको सुन्दर प्यारीबराह ताल पुगिन्छ। त्यहाँबाट फर्कंदा प्यारीबराहबाट भलखराचौरहुँदै ४० मिनेटमा घोडेपानी बस्तीको पुछारमा आइपुगिन्छ। घोडेपानीको सिरानबाट कालीसार गुराँस पार्क हुँदै प्यारीबराह ताल पुगेर भल्खराकोबाट तल्लो बाटो हुँदै घोडेपानी साइक्लिङ गर्न सकिन्छ। प्यारीबराहबाट घोडेपानीसम्मको घोडचढी (पोन्नी ट्रेल)मा जान सकिन्छ। घोडेपानीमा एक रात बास बसेको, बेलुकाको खाना, बिहानको खाजासहित रु नौ सय ५० देखि एक हजार ६०० को प्याकेज बनाइएको छ। अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगर देखि घार, शिख, चित्रे हुदै २१ किलोमिटर दुरीका पुगिने घोडेपानीमा पोखरादेखि बस सञ्चालन हुन थालेको छ। कास्कीकोनयाँपुलदेखिबिरेठाँटी-उल्लेरी हुदै घोडेपानी जोड्ने कच्चिसडकपनिगतकात्तिकदेखि सञ्चालनमा आएको छ। घान्द्रुक, उल्लेरी, शिख, मोहरेडाडा तर्फबाट घोडेपानी पुग्न सकिने पदमार्गहरु रहेका छन्।

अन्नपूर्ण गाउँपालिका-६ का वडा अध्यक्ष रामबहादुर खड्काले पदमार्गको संरक्षण, पुननिर्माण, सडक स्तरोन्नति र सहायक गन्तब्यको पहिचान गरि पूर्वाधार निर्माणमा जोड दिइएको बताउनुभयो। "सडकमार्ग भएर मुस्ताङ जाने-आउने पर्यटकहरुलाई घोडेपानी भित्र्याउन पोखरेबगरदेखि कास्कीको नयाँपुल जोड्ने वैकल्पिक सडक सञ्चालनमा आएका कारण स्वदेशी पर्यटकको आगमन बढेको छ," उहाँले भन्नुभयो "घोडेपानीमा पर्यटकको बसाई लम्बाउन 'गुराँस पार्क', घोडामार्ग, साइकल मार्ग र सहायक गन्तव्यको पहिचान गरि पूर्वाधार निर्माणमा जोड दिएका छौ।"

# गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसनको भित्तेपात्रो बिमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत



गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसनले नयाँ बर्ष २०८३ सालको भित्तेपात्रो विमोचन गरेको। शनिवार एशोसिएसनले पोखरामा एक कार्यक्रमको आयोजना गरि भित्तेपात्रो विमोचन र सीप परिक्षण गरेकाहरुलाई प्रमाणपत्र बितरण गरेको संयोजक अमृत तिमिल्सिनाले बताए।

कार्यक्रममा लाईट इन्जिन मेकानिक्सको लेभल २ को सिटिइभिटीबाट तालिम पुरा गरेका १० जनालाई प्रमाणपत्र बितरण गरिएको थियो। कार्यक्रममा बोल्दै सिटिइभिटी गण्डकी प्रदेश सह-प्रबन्धक जिवन भण्डारीले सीप परिक्षण पश्चात दक्ष भएकाहरुलाई बधाई दिए। उनले सीप परिक्षणको इतिहास र महत्व माथि प्रकास पारेका थिए। मेकानिकल वर्क्समा आवद्ध सबैको सीप परिक्षण हुनु पर्ने उनको धारण रहेको बताउदै एशोसिएसन सगँको सहकार्य आगामि दिनमा निरन्तर रहने बताए। एशोसिएसनका अध्यक्ष विष्णुप्रसाद अधिकारीले सीपमूलक जनशक्ति उत्पादन र व्यवसायिक मर्यादा कायम राख्न संस्था निरन्तर सक्रिय रहेको बताएका छन्। अधिकारीले सिटिइभिटी सँगको सहकार्य फलदायी भएको बताए। कार्यक्रममा सहभागीहरुलाई नयाँ वर्ष २०८३ को शुभकामना व्यक्त गर्दै उनले आगामी दिनमा संस्था अझ सशक्त र प्रभावकारी ढंगले अघि बढ्ने विश्वास व्यक्त गरे।

संस्थाका प्रेस सल्लाहाकार कृष्ण थापाले श्रमजिविहरुको संस्था गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन भएको बताए। उनले दुख सुख्खमा सारथि बन्दै संस्था अगाडि बढेकोमा प्रशंसा गर्दै सीप परिक्षणबाट दिक्षित हुनेहरुलाई बधाई दिदै सीपले मानिसलाई दक्ष बनाउने हुदा त्यो अवसर एशोसिएसनले प्रदान गरेको उल्लेख गरे। संस्थाका कानुनी सल्लाहकार माधव प्रसाद वास्तोलाले संस्थाले गरेका कामको प्रशंसा गरे। सीप विकास प्रशिक्षक कुन्दन शर्माले तालिमको महत्व बुझेर काम गर्न आग्रह गरे। कार्यक्रममा स्वास्थय सल्लाहकार रविन्द्र श्रेष्ठ,सीप विकास प्रशिक्षक कुन्दन केसी, निर्वतमान अध्क्षय सन्तोष कुमार मिश्र, पूर्व अध्क्षयहरु कुल बहादुर नेपाली,सानुमान जलारी लगाएत कार्यसमितिका पदाधिकारीको कार्यक्रममा सहभागिता रहेको थियो।

# जीर्ण भवनमा जोखिम मोलेर पठनपाठन गर्नुपर्ने बाध्यता हट्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ बिरौटामा रहेको मुक्तिपथ आधारभूत विद्यालयमा जीर्ण भवनमा जोखिम मोलेर पठनपाठन गराउनुपर्ने बाध्यता हटेको छ।

चारकोठे नयाँ भवन निर्माण भएपछि तीन दशक पुरानो पानी चुहिने, पर्खाल चिरा परेको र भत्कने अवस्थामा रहेको जोखिमयुक्त भवनमा बसेर पठनपाठन गर्नुपर्ने विद्यार्थी शिक्षकको समस्या हटेको हो।

कक्षा कोठा भवन बनेपछि सुरक्षित वातावरणमा सहज रूपमा पठनपाठन हुन थालेको विद्यालयका प्रधानाध्यपक मैयाकुमारी बरुवालले बताउनुभयो। "यसअघि कक्षाकोठा भवन जीर्ण हुँदा डरत्रास थियो", उहाँले भन्नुभयो, "सुरक्षित भवन बनेपछि सुरक्षित भएर ढुक्कसँग पठनपाठन गर्ने वातावरण सिर्जना भएको छ।" कक्षा ३ सम्मको पठनपाठन हुने उक्त विद्यालयमा हाल २२ जना विद्यार्थी रहेका छन्। अन्नपूर्ण गाउँपालिका र जर्मनको हिमालय 'फ्रेण्ड्स इभी'को आर्थिक सहयोगमा स्थानीय उपभोक्ताले श्रमदान गरेर चारकोठे कक्षाकोठा भवन बनाएका हुन्। कक्षाकोठाको साथै शौचालय पनि निर्माण भएको छ। अन्नपूर्ण गाउँपालिकाले गत आर्थिक वर्षमा रु २० लाख र चालु आर्थिक वर्षमा रु पाँच लाख ५० हजार बजेट विनियोजन गरेको उक्त भवन निर्माणका लागि जर्मन संस्थाले रु एक लाख ४९ हजार सहयोग गरेको वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो।

# बागलुङमा संरक्षित छ भक्तपुरको हनुमान नाच

**खेमराज गौतम**
बागलुङ, १४ चैत/रासस



भूपतीन्द्र मल्लले भक्तपुरमा सुरु गरेको 'हनुमान नाच' बागलुङका नेवार समुदायमा अझै जीवितै छ।

हनुमानको भेषमा सजिएका नेवारी युवाहरु हातमा लाठी समातेर विभिन्न १० सुर तथा तालमा नाचिरहेको दृश्यले धेरैलाई लोभ्याउँछ। यो दृश्यले भदौ यता निरन्तरता पाएको छ।

हनुमानको अवतारमा एक हुल नेवारी समुदायका युवाहरु एक आपसमा लाठी ठोकेर पुच्छर घुमाउदै नाँच्दा बागलुङ बजार गुन्जयमान हुन्छ। तीन सय वर्षभन्दा बढी पुरानो हनुमान नाच नेवारी समुदायको जीवन्त इतिहासको रूपमा बागलुङमा देख्न पाइन्छ। विसं २०७३ भदौमा देखाइएको हनुमान नाच नौ वर्षपछि पुन देखाउन थालिएको हो।

चैते दसैँको अवसरमा कालिका मन्दिर परिसरमा देखाइएको हनुमान नाच धेरैको आकर्षणमा परेको थियो। विसं २०८२ भदौबाट सुरु गरिएको हनुमान नाच अहिलेसम्म नौ पटक मञ्चन भइसकेको हनुमान नाच संरक्षण समिति बागलुङका प्रधानकजी इश्वर मलेपतीले बताउनुभयो। "माता सितालाई हरण गरिएको अवस्थाबाट उम्काएर ल्याउनका लागि गरिएको विधि, नाच, श्लोक प्रकृयालाई हनुमान नाचमा देखाइन्छ, भक्तपुरमा लोप हुन थालेको नाच बागलुङमा हामीले जीवितै राखेका छौँ", मलेपतीले भन्नुभयो, "व्यापारको शिलशिलामा भक्तपुरबाट आएका नेवार समुदायले यो संस्कृति आफूसंगै ल्याएका थिए।" हनुमान नाच किनाराटोल, राधाकृष्ण टोल, धौलागिरी चोक, आवारोड, गलकोट हुँदै कालिका मन्दिर सम्म देखाइएको छ। यस हनुमान नाचको विषयमा शोधपत्र तयार पार्ने बागलङे चेली जमुना राजभण्डारीले सितालाई राणलाई हरण गरेपछि सितालाई हनुमानले फर्काउने शिलशिलालाई हनुमान नाचको ताल र सुरमा देखाइने बताउनुहुन्छ।

तीन वर्ष, पाँच वर्ष, सात वर्षमा नाचिने हनुमान नाच यसपटक कोरोना महामारीलगायतका कारणले केही समय रोकिएको थियो। भक्तपुरका नेवार समुदाय विसं १७६८ मा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएका थिए। यो नाचमा कम्तीमा १३ र बढीमा १५ जोडी युवाहरु हनुमानको भेषमा सजिन्छन्। पुस्तान्तरण नहुँदा हनुमान नाच संरक्षणमा चुनौती बढेको भन्दै यसवर्ष नेवार समुदायका युवा पुस्तालाई हनुमानको रूपमा अगाडी सारिएको हनुमान नाच संरक्षण परिषद् बागलुङका अध्यक्ष तीर्थप्रसाद श्रेष्ठले बताउनुभयो।बागलुङनगरपालिका ३ नारायणचोकको भिमसेन मन्दिरभित्र नास्योध्योलाई पूजा गरेर हनुमान पौवामा गएर हुनमानको पूजा गरेपछि विधिवत रूपमा हनुमान नाच शुभारम्भ हुने र टोल पुजा सकिएपछि विधिवत रूपमा हनुमान नाच अन्त्य गरिने परम्परा छ। उक्त नाच निकै खर्चिलो र नाच्नका लागि लामो समय लाग्ने भएकाले वर्षैपिच्छे देखाउन कठिन भएको नेवारी अगुवा बताउछन्। हिन्दु धर्ममा अष्टचिरञ्जीवीका रूपमा हनुमानलाई पूजा गर्ने र उनैको नाच प्रदर्शन गर्दा जीवनभर शक्ति प्राप्त हुने विश्वास छ। बाजाको तालमा एक अर्काले लट्ठी ठोकेर पुच्छर हल्लाउदै हनुमानको भेषमा हिड्नु पर्दछ। हनुमान नाचमा विभिन्न प्रकारका ताल छोपेर नाच्नुपर्छ।

# गण्डकी प्रदेशस्तरीय भलिबल: बौदीकालीले उपाधि जित्यो

**रासस**
काठमाडौं, १४ चैत

नवलपरासीको बौदीकाली गाउँपालिकाले गण्डकी प्रदेश अन्तरपालिका 'अध्यक्ष कप' भलिबल प्रतियोगिताको उपाधि जितेको छ।

कास्कीको माछापुच्छ्रे गाउँपालिकाको आयोजनामा यही चैत ११ गतेदेखि गाउँपालिकाको केन्द्र लाहाचोकको महेन्द्र मावि खेलमैदानमा सञ्चालन भएको प्रतियोगिताअन्तर्गत शनिबार भएको फाइनल खेलमा तनहुँको शुक्ला गण्डकी नगरपालिकालाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा हराउँदै बौदीकालीले उपाधि जितेको हो। च्याम्पियन बनेको बौदीकालीले ट्रफीसहित रु दुई लाख पुरस्कार पाउँदा उपविजेता शुक्लागण्डकीले रु एक लाख पुरस्कार पायो। बौदीकालीले पहिलो सेट २५-१७ ले आफ्नो पक्षमा पार्दा दोस्रो र तेस्रो सेट शुक्लालाई २१-२५ र २२-२५ ले सुम्पियो। चौथो सेटमा २५-१७ ले पुनरागमन गर्न सफल भयो। अन्तिम सेट १५-११ ले जित्दै बौदीकाली च्याम्पियन बन्न सफल भयो। सेमिफाइनलमा पुगेका कास्कीको अन्नपूर्ण गाउँपालिका र स्याङ्जाको बिरुवा गाउँपालिकाले नगद रु २५/२५ हजारका दरले पुरस्कार, ट्रफी र मेडल प्राप्त गरेका छन्। पुरुषतर्फ बौदीकालिका हिमाल सुनारी उत्कृष्ट खेलाडी घोषित भएका छन्। शुक्ला गण्डकीका ईश्वर स्वाँर उत्कृष्ट स्पाइकर, बौदीकालिका विश्वास अधिकारी उत्कृष्ट ब्लकर, शुक्लाका अशोक मल्ल उत्कृष्ट सेटर, बौदीकालिका अशोक श्रेष्ठ उत्कृष्ट सर्भर, शुक्लाका मदन ठकुरी वेस्ट डिफेन्डर र उत्कृष्ट प्रशिक्षक बौदीकालिका जितबहादुर थापा घोषित भएका हुन्।

यसैगरी, महिलातर्फको उपाधि एलिट भलिबल एकेडेमी नदीपुर पोखराले जितेको छ। विजेता एलिटले नगद रु ६० हजार साथमा ट्रफी र मेडल प्राप्त गऱ्यो। त्यसै गरी शान्ता भलिबल ट्रेनिङ सेन्टर द्वितीय भई नगद रु ३० हजार साथमा ट्रफी तथा मेडल प्राप्त गऱ्यो। यसैगरी, पालिकाले आयोजना गरेको छोलो हान्ने खेलतर्फ अशोक पुन प्रथम, सरोज मगर द्वितीय पारमान गुरुङ तृतीय र दीपक हर्मेल सान्त्वनास्थान प्राप्त गरेका छन्।

छोलोमा प्रथमले नगद रु १० हजार, द्वितीयले नगद रु पाँच हजार, तृतीयले नगद रु दुई हजार र सान्त्वनाले नगद रु एक प्राप्त गरेका आयोजकले जनाएको छ। विजेता टोली तथा खेलाडीलाई गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङ, अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसी, माछापुच्छ्रे गाउँपालिका उपाध्यक्ष सीता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीलगायतले पुरस्कार वितरण गर्नुभयो। गाउँपालिका अध्यक्ष गुरुङले स्थानीय स्तरबाट देशका लागि आवश्यक सक्षम खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता गरिएको बताउनुभयो। "देशका लागि आवश्यकसमक्ष खेलाडी उत्पादन गर्ने पालिकाबाट नै हो। प्रतिभाको खोजी गरी उनीहरूलाई राष्ट्रियस्तरमा चिनाउनका लागि प्रतियोगिताले मद्दत पुगेको छ", उहाँले भन्नुभयो।